# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# इनरुवा नगरपालिका
# सुनसरी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजुफस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नम्बर १**

पत्र संख्याः २०७८।७९

च.नं. ४६५ मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,

इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

सुनसरी।

**कैफियतसहितको राय**

हामीले इनरुवा नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू.३ करोड ८६ लाख ७ हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू.३० लाख ९१ हजार फस्योंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.३३ लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड २७ लाख ७७ हजार, नियमित गर्नुपर्ने रू.४८ लाख ३८ हजार र पेश्की रू.४५ लाख ५३ हजार रहेको छ ।नगरपालिकाको गतवर्ष रु २२ करोड ७ लाख ७२ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु। २५ करोड २९ लाख ५ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको,लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्कको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लनगरन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)

नायब महालेखापरीक्षक

## इनरुवा नगरपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५० | ६८ | ३८६०७ | ० | ३ | ३०९१ | ५० | ६५ | ३५५१६ | ३३४८ | ४८३८ | २२७७७ | ० | ० | २७६१५ | ४५५३ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ईनरुवा नगरपालिका सुनसरी | २२०७७२ | ० | ३३८३ | २१७३८९ | ० | ३५५१६ | २५२९०५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : इनरुवा नगरपालिका, सुनसरी , इनरुवा नगरपालिका , सुनसरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिल्ली राज निरौला | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अशोक कुमार मेहता | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ३८,६०७,६८२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६,५२,९१,८२३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४५,७२,५५,७९२ | चालु खर्च | ४८,६३,४०,६८२ |
| प्रदेश सरकारबाट अनुदान | २,०५,०६,००० | पूँजीगत खर्च | २८,१२,२०,७७८ |
| राजश्व बाँडफाँट | १०,७१,९०,१३३ | वित्तीय/अन्य व्यवस्था | २,०६,१९,८७२ |
| आन्तरिक आय | १२,०३,८९,४८५ | | |
| अन्य आय | १,९२,३८,४६८ | | |
| कुल आय | ७२,४५,७९,८७८ | कुल खर्च | ७८,८१,८१,३३२ |
| बाँकी मौज्दात | | १६,९०,३६९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>
परिचय<br>
स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । योनगरपालिका कुल १८४.८९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल १० वटा वडाहरुमा बिभाजन गरिएको र सभा सदस्या संख्या ५३ रहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार कुल जनसंख्या २० हजार ३ सय ८० रहेको छ।
</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>
लेखापरिक्षण<br>
उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।<br>
लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>
लेखापरिक्षणको सिमा<br>
लेखापरीक्षण कार्यलाई थप व्यवस्थित गर्दै लैजाने नीति अनुरुप यस पटक नेम्स (नेपाल अडिट मेनेजमेन्ट सिष्टम) मार्फत छनौट गरीएका आधारमा वित्तिय विवरण र सो संग सम्वन्धित कागजात परीक्षण गरिएको छ । पहलो पटक वेभ वेस्ड प्रतिवेदन जारी गरीएको हुदा प्रतिवेदन प्रस्तुतीमा समेत सो को प्रभाव पर्न सक्ने हुंदा देखिएका त्रुटीलाई परिवर्तन गर्दै लगिनेछ ।
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>
लेखापरिक्षणको क्रममा असुली तथा फिर्ता<br>
लेखापरीक्षण को दौरानमा संघिय संचित कोष फिर्ता गर्नुपर्ने रकम र असुल गर्नुपर्ने रकम सम्वन्धित निकायमा रकम फिर्ता दाखिला गरेको पाइयो ।
<table>
<tr><th>सि. न.</th><th>विवरण</th><th>रकम</th><th>कोष</th></tr>
<tr><td>१</td><td>फिर्ता</td><td>२२३५३५६७</td><td>संघीय सञ्चित कोष</td></tr>
<tr><td>२</td><td>फिर्ता</td><td>११०४५५८</td><td>प्रदेश सञ्चित कोष</td></tr>
<tr><td>३</td><td>राजश्व दाखिला</td><td>६१३८००</td><td>स्थानीय सञ्चित कोष</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
स्थानीय सञ्चित कोष<br>
पालिकाले पेश गरेको आ व २०७७।७८ को प्राप्ति भुक्तानी विवरण निम्नानुसार रहेको छ
<table>
<tr><th colspan="7">प्राप्ती भुक्तानी हिसाव</th></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यसवर्ष रु.</td><td>गतवर्षरु.</td></tr>
<tr><td>बजेट</td><td>आफैलेगरेको प्राप्ति/</td><td>वस्तुगत/</td><td>जम्मा</td><td>आफैलेगरेको</td></tr>
</table>
</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भुक्तानी | सोझैभुक्तानी | | प्राप्ति/ भुक्तानी | | |
| | | | | **प्राप्ती (क+ख)** | | १२४२२९२८८९.५६ | ७२४५७९८७७.९९ | ०.०० | ७२४,५७९,८७७.९९ | | | |
| | | | | **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | १,२१७,०७७,३२६.६६ | ७०५,३४१,४१०.४५ | ०.०० | ७०५,३४१,४१०.४५ | ० | | |
| | | | | ११००० कर | ११ | १७१,७८३,११० | १२०,३९२,८८३.३८ | ० | १२०,३९२,८८३.३८ | ० | | |
| | | | | १३००० अनुदान | | ४७९,१४९,०४२ | ४७७,७६१,७९२.०० | ०.०० | ४७७,७६१,७९२.०० | ० | | |
| | | | | संघीय सरकार | १२ | ४५८,५४३,०४२ | ४५७,२५५,७९२.०० | ०.०० | ४५७,२५५,७९२.०० | ० | | |
| | | | | प्रदेश सरकार | १२ | २०,५०६,००० | २०,५०६,०००.० | ० | २०,५०६,०००.०० | ० | | |
| | | | | अन्तरिक श्रोत | १२ | १००,००० | ० | ० | ०.०० | ० | | |
| | | | | १४००० अन्य राजस्व | | ४९४,३३३,१७५ | १०७,१८६,७३५.०७ | ० | १०७,१८६,७३५.०७ | ० | | |
| | | | | १५००० विविध प्राप्ति | | ७१७१२००० | ० | ० | ०.०० | ० | | |
| | | | | **ख. अन्य प्राप्ति** | | २५,२१५,५६३ | १९,२३८,४६८ | ० | १९,२३८,४६७.५४ | | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | | |
| | | | | कोषहरु | १५ | 25215562.90 | १०,३४२,७८०.५० | ० | १०,३४२,७८०.५० | ० | | |
| | | | | धरौटी | १५ | ० | ८,८९५,६८७.०४ | ० | ८,८९५,६८७.०४ | ० | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | | |
| | | | | **भुक्तानी (ग+घ)** | | १,३५२,१९२,८८९.५६ | ७८८,१८१,३३२.३६ | ०.०० | ७८८,१८१,३३२.३६ | | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,३२६,९७७,३२६.६६ | ७६७,५६१,४५९.७१ | ०.०० | ७६७,५६१,४५९.७१ | | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८ | 256213810.00 | २१८,७७७,२६७.१० | ०.०० | १४८,३८२,९४६.२० | ० | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | 277282490.33 | १९०,६०३,२६६.३५ | ०.०० | ४५,०१७,३४५.५० | ० | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | 11950000.00 | ७,४५७,६३९.७५ | ०.०० | २५,९४४,९५०.०० | ० | | |
| | | | | २६००० अनुदान | १८ | 600000.00 | 120000.00 | ०.०० | ५,२४६,५३९.०० | ० | | |
| | | | | २७००० सामाजिक | १८ | 30838041.00 | 5640154.00 | ०.०० | ४,५१६,२४५.०० | ० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सुरक्षा | | | | | | |
| २८००० अन्य खर्च | १८ | 72975145.51 | 63742353.52 | ०.०० | १,६७४,६८७.०० | ० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ६७७,११७,८३९.८२ | 281220778.99 | ०.०० | १८१,४२६,४०३.०० | ० |
| घ. अन्य भूक्तानी | | 25215562.90 | 20619872.65 | ०.०० | २०,६१९,८७२.६५ | |
| कोषहरु | | 25215562.90 | 16830532.77 | ०.०० | १६,८३०,५३२.७७ | ० |
| धरौटी | | 0.00 | 3789339.88 | ०.०० | ३,७८९,३३९.८८ | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | 0.00 | 0.00 | ०.०० | ०.०० | ० |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | 0 | 0.00 | ०.०० | ०.०० | |
| ङ. यो वर्षको बचत (न्युन) | | ०.०० | -६३,६०१,४५४.३७ | ०.०० | -६३,६०१,४५४.३७ | |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | 65291823.47 | ६५,२९१,८२३.४७ | | ६५,२९१,८२३.४७ | |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ६५,२९१,८२३.४७ | १,६९०,३६९.१० | ०.०० | १,६९०,३६९.१० | |

संघीय सरकार हस्तान्तरित कार्यक्रम तर्फको विवरण

| **सि नं** | **शिर्षक** | **निकासा** | **खर्च** |
|---|---|---|---|
| १ | गरिब संग विश्वेश्वर कार्यक्रम | ७७७००० | ७७७००० |
| २ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १६४४८५२३ | १६४४८५२३ |
| ३ | सामाजिक सुरक्षा तथा संरक्षण | १४९०९९३७७ | १४९०९९३७७ |
| | जम्मा | १६६३२४९०० | १६६३२४९०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **वित्तिय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइयो । | |
| ७ | | | **जिम्मेवारी**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको म ले प फारम नं २७२ को अनुसूची १० मा गत वर्षको मौज्दात रु ५६४७५३०७ रहेकोमा यस आर्थिक वर्ष कार्यालयले पेश गरेको म ले प फारम नं २७२ को अनुसूची १० मा गत वर्षको अल्या रु ६५२९१८२३ सारेको हुदा बढी जिम्मेवारी सारेको रु ८८१६५१६ को सम्बन्धमा एकित हुनुपर्दछ । | |
| ८ | | | **बैङ्क हिसाव**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेहुन्छ । पालिकाको म ले प फारम नं २७२ को प्राप्ति भुक्तानी विवरण र अनुसूची १० अनुसार श्रेस्ता वर्षान्तको मौज्दात रु १६९०३६९ रहेको र बैङ्क स्टेटमेन्ट अनुसार मौज्दात रु २४४७४७०४ रहेको हुदा बैङ्क मौज्दात रु २४३०५६३५ ले बढी देखिन्छ । स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।फरक देखिएको सम्बन्धमा साट्न बाँकी चेकको विवरण सहित हिसाब मिलान गर्नुपर्ने देखिन्छ । | |
| ९ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· पालिकामा PAMS लागु भए तापनि सबै मालसामानहरु PAMS मा अद्यावधिक नगर्ने हुदा पालिकाको वास्तविक रुपमा रहेको जिन्सी सामानको मौज्दात बारे एकिन गर्न नसकिने हुदा खरिद गरिएको मालसामानहरु PAMS मा इन्ट्री गर्नुपर्दछ ।<br>· मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा केही सामाग्रीको मात्र स्थानीय न्युनतम दररेट तोकेको पाईयो ।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन, 2049 वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>· पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।<br>· वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।<br>· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>· स्थनिय तहको आर्थिक कारोवारको लागि म ले नि का वाट स्वीकृत सफ्टवेयर सुत्र (SUTRA) प्रयोग गरी कारोवार संचालन र वित्तिय प्रतिवेदन तयार गरेको पाइयो।<br>· लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>बजेट पेश पारित र अख्तियारी<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री जमुना देवी पोखरेल गौतमले २०७७।3।२१ गते रु. १३२६९७७३२६ को बजेट सभा समक्ष पेश गरेकोमा २०७६।3।२१ मा पारित भएको छ । यसैगरी नगरपालिकाको प्रमुखले २०७७।५।२२ मा प्रमुख प्रसाशकिय अधिकृतलाई अख्तियारी दिएको पाइयो । कानूनमा उल्लेख भए वमोजिमको समयमा बजेट अनुमान पेश गरी पारित गराई नगरपालिकाले अख्तियारी प्रदान गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>चौमासिक खर्चको स्थिति<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।<br><br>रु हजारमा
<table>
<tr><th rowspan="2">शिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>खर्च</td><td>७८८१८१</td><td>१७७६४७</td><td>२०६९८१</td><td>४१४९९४</td><td>१७६३३२</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>२२</td><td>२५</td><td>५३</td><td>२२</td></tr>
</table>
प्राप्त विवरणको विश्लेषण गर्दा कुल खर्च मध्ये ५३ प्रतिशत खर्च तेस्रो चौमासिकमा भएको छ भने अषाढ महिनामा मात्र २२ प्रतिशत खर्च भएको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>मुख्यक्षेत्र</th><th>वार्षिकवजेट</th><th>खर्चरकम</th><th>कुलखर्चमध्येप्रतिशत</th></tr>
<tr><td>आर्थिकविकास</td><td>47200810.00</td><td>15361176.83</td><td>२</td></tr>
<tr><td>सामाजिकक्षेत्र</td><td>372968219.63</td><td>292589031.77</td><td>५२</td></tr>
<tr><td>पूर्वाधारविकासक्षेत्र</td><td>4860511.16</td><td>2458739</td><td>१</td></tr>
<tr><td>संस्थागतविकासरसेवाप्रवाह</td><td rowspan="2">121708643.51</td><td rowspan="2">80837460.01</td><td rowspan="2">१४</td></tr>
<tr><td>वित्तीयव्यवस्थापनरसुशासन</td></tr>
<tr><td>कार्यसञ्चालनतथाप्रशासनिकखर्च</td><td>250239142.36</td><td>164961200.84</td><td>२९</td></tr>
<tr><td>जम्मा</td><td>७९६९७७३२६</td><td>५५६२०७६०८</td><td>१००</td></tr>
</table>

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छ:

**खर्च बिश्लेषणः** पालिकाले यस बर्ष कुल आन्तिरक आयवाट ३९६०३८२० राजस्व बाँडफाँडवाट जम्मा रु १०७१९०१३३ र अनुदानबाट रु. ४७७७६१७९२ समेत रु. ६२४५५५७४५आम्दानी भएकोमा चालु तर्फ रु. २५२७२५४८४ र पूँजिगत तर्फ रु. २७४१०२६४३ र अन्य तर्फ रु २९३७९४८१ गरी जम्मा रु ५५६२०७६०८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ७९७२००० खर्च भएको छ जुन आन्तरिक आय २० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४७ प्रतिशत चालु र ५३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १३ | | | **लेखाङ्कन**<br>स्थानिय सरकार संचालनऐन २०७४ को दफा ७२ ले आर्थिक वर्ष र आय व्ययको लेखा सम्वन्धमा व्यवस्था गरी गाँउपालिकाले प्रत्येक वर्षको साउन एक गते देखी अगामी वर्षको असार मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने र नेपाल सरकारले निर्धारण गरे वमोजिमको आय व्यय को वर्गिकरण तथा खर्च शिर्षक सम्वन्धि व्यवस्था अवलम्वन गर्नुपर्ने गरी तोकिएको छ । कार्यालयले पेश गरेको म ले प २७२ वित्तिय विवरणको अनुसूची र प्राप्ती भुक्तानी विवरणमा अल्या र मौज्दात फरक फरक रकम रेहेको देखिन्छ । यस सम्बन्धमा कार्यालयले अल्या र कारोबारको प्रविष्टि एवं प्रतिवेदन बिच हिसाव भिडान गरी एकिन गर्नुपर्ने देखिन्छ । | |
| १४ | | | **प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित १३३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकिय अधिकृत सहित १६६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>सेवा प्रवाह<br>नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु नगरवासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, निशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्यावधिक अभिलेख गरिनु पर्दछ। नगरपालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।
<table>
<tr><th>क्र सं</th><th>विवरण</th><th>निवेदन</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>1546</td><td>1546</td></tr>
<tr><td>२</td><td>घर बाटो सिफारिस</td><td>2270</td><td>2270</td></tr>
<tr><td>३</td><td>चार किल्ला</td><td>263</td><td>263</td></tr>
<tr><td>४</td><td>नाता प्रमाणित</td><td>545</td><td>545</td></tr>
<tr><td>५</td><td>{ जन्म मृत्यु दर्ता</td><td>2026</td><td>2026</td></tr>
<tr><td>६</td><td>अन्य</td><td>4615</td><td>4615</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>अवकाश कोष<br>स्थानीय सरकार सञ्चालन ऐनथ७, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व बाँडफाँडवाट कर्मचारी कल्याण कोषमा रु. २७०००००/- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानून नबनाएको हुदा कल्याण कोष सञ्चालन सम्बन्धि कानुन बनाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **अनुदान फिर्ता**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ को उपनियम १ मा संघीय सञ्चित कोषवाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभइ जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सोही नियमको उपनियम २ मा कुनै कारणवश सोही आर्थिक वर्षभित्र रकम फिर्ता गर्न नसकेमा आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले पेश गरेको म ले प फारम नम्बर २७२ को अनुसुची २१ मा उल्लेख भएको संघ तर्फ फिर्ता गर्न बाँकी रु २२३५३५६७ र प्रदेश तर्फ रु ११०४५५८ गरी जम्मा रु २३४५८१२५ फिर्ता गरेको प्रमाण पेश गरेको छ। | |
| १८ | | | **खरिद योजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरीद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सो सम्वन्धी जिम्मेवारी बहन गराउन ध्यान दिनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>लेखा ढाँचाको प्रयोग<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागू गर्न महालेखापरीक्षकबाट स्वीकृत भएको छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचितकोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष नगरपालिकाले उपर्युक्त ढाँचा अनुसारको सम्पुर्ण आर्थिक कारोबार सुत्रमा अभिलेख नभएको अवस्था देखियो।सम्पुर्ण अभिलेख गर्ने व्यवस्था हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>विद्यालयगत निकासा अभिलेख<br>आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपुर्ति<br>नगरपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपुर्ति देहाय अनुसार रहेको छ ।
<table>
<tr><th>क्रसं</th><th>विद्यालयकोनाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ती</th><th>पदपूर्ती मध्ये करार</th><th>विद्यार्थी संख्या 2077</th></tr>
<tr><td></td><td>जम्मा ३० वटा विद्यालय</td><td>२४४</td><td>२४४</td><td>७५</td><td>७७५६</td></tr>
</table>
उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा ३२ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा नगरपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **सार्वजनिक सुनुवाई**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परिक्षण गरेको देखिएन । | |
| २३ | | | **योजना तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यमकालिन तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ व्यवस्था रहेको छ।तर पालिकाले विभिन्न रु. २५००० देखि ५००००० सम्मको सानो प्रकृतिका करिव ३०० वटा योजनाहरु अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर छनौट तथा कार्यान्वयन गरेको देखियो। साना साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यमकालीन तथा दीर्घकालीन योजना वनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ । | |
| २४ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै पालिकाले अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ नगरपालिकाले अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **गत वर्षको भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने व्यवस्था छ । पालिकाले यो वर्ष गत वर्षको भुक्तानी बाँकी भनी चालु तथा पुँजीगत तर्फ सभावाट पारित गराइ खर्च लेखेको देखिन्छ । साथै आर्थिक वर्ष २०७७।७८ मा समेत विनियोजित बजेट भन्दा बढी कार्यक्रम तर्जुमा गरेको कारणले चालु तथा पुँजीगत शिर्षकमा भुक्तानी दिन बाँकी रहेको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ । यसका केही उदाहरण निम्नानुसार रहेका छन्<br><br>सि नं \| भुक्तानी पाउने \| रकम<br>१ \| बसपार्क देखि बबिया सम्म नाला सफाइ \| ८५००००<br>२ \| तिर्थ घिमिरेको घर देखि जनता मा वि सम्म डब्लु बिएम गर्ने कार्य \| ५००००००<br>३ \| देव नारायण साहको घरदेखि तिनकुने जाने सडक कालोपत्रे \| २०४३५८४<br>४ \| साझा टोल देखि यादव टोल जाने बाटो क्रमागत कालोपत्रे र शुक्र हाट देखी पूर्व शिशु निकेतन प्रा वि हुदै अलि हुसेनको घर सम्म कालोपत्रे \| ६८७७७७७<br>५ \| मेशिनरी औजार खरिद \| १००००० | |
| २६ | | | **वार्षिक लक्ष्य प्रगति**<br>आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार कार्यालयले त्रैमासिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र नियम ३७ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तिय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन । सो पेश नभएबाट बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल भए नभएको बिश्लेषण गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **बजेट अवण्डा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । स्थानिय तह सञ्चालन ऐन २०७४ को दफा ७३ को उपदफा ७ मा पालिकाले सभावाट शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. २५०००००० अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाले विभिन्न मितिमा निर्णय गर्दै विभिन्न देहाय अनुसार चालु तथा पुजीगत प्रकृतिको कार्यमा खर्च गरेको देखिन्छ । आगामी दिनमा बजेट अवण्डा नराखी बजेट बनाउनु पर्दछ ।<br><br>**खर्च शिर्षक उदाहरण** — **रकम**<br>सनातन संस्कृति संरक्षण भवन — ६३७६२७<br>श्री शारदा मा वि विज्ञान प्रयोग शाला — ५७८५५८<br>श्री तोयानाथ नर्वदा बलाहा बहुमुखी क्याम्पस भवन — १६०००००<br>इन्टरलक टायल सडक — ५०००००<br>जलेश्वर शिव मन्दिर निर्माण — १०००००० | |
| २८ | | | **इन्धन खर्च**<br>सार्वजिनक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको किसिम इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड वनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । यस वर्ष रु ४६२४२७९ इन्धन खर्च गरेकोमा इन्धन खर्चको मापदण्ड तयार गरेको तथा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी तथा उत्पादनमुखी बनाउन इन्धन खर्च मापदण्ड निर्धारण गर्ने तथा इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ३३ जना कर्मचारीहरु करारमा राखेको देखिन्छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको ईन्जिनीयर १, सव इन्जिनियर १, खरिदार ३, अ. प्रा स ५, अमिन २, सहजकर्ता सहायक २, कम्प्युटर अपरेटर१, ल्याब असिष्टेन्ट १, रेडियोग्राफी १, अ हे व २, अ न मि २, सिलाइ कटाइ प्रशिक्षक १, सुपरभाइजर १, गरी कानुनी सल्लाहकार १, २४ जना कर्मचारी करार नियुक्ति गरेको र २०७८ वैशाख १४ थप नयाँ भर्ना ईन्जिनीयर १, सव इन्जिनियर ३, असिष्टेन्ट सव इन्जिनियर २, अमिन ४ गरी १० जना कर्मचारी करार नियुक्ति गरेको देखिन्छ । पालिकाले स्विकृत ढाँचामा संगठन व्यवस्थापन गर्दै स्थाइ दरबन्दी पुर्ति गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ३० | | | **पुँजीगत बजेटवाट चालु खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो ।<br><br>भौचर र मिति: ४४२।०७८।३।२५ — विवरण: विविध मसलन्द फुटकर खर्च — रकम: २९८००० | |
| ३१ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लनगरने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको ४४ यो बर्ष थप भएको ५८ विवाद दर्ता भएकोमा ४७ वटा मात्र फछ्र्योट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्योट वा कारबाही किनारा गरी टुङ्गो लनगरनुपर्दछ । | |

| भौचर र मिति | विवरण | रकम |
|---|---|---|
| ४४२।०७८।३।२५ | विविध मसलन्द फुटकर खर्च | २९८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **कानुन निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले हालसम्म १२ऐन, १नियमावली, १०कार्यविधि,० निर्देशिका समेत२४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |
| ३३ | | | **आन्तरिक आम्दानी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा कार्यालयमा प्राप्त भएको राजश्व सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा २७ को उपदफा ४ मा विशेष परिस्थितिको अवस्थामा बाहेक राजश्व प्राप्त भएको तीन दिन भित्र दाखिला नभएमा दश प्रतिशतका दरले हुन आउने रकम जरिवाना स्वरुप असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ व २०७७।७८ को रु ४५००० राजश्व रकम लेखापरीक्षण समयसम्म दाखिला भएको नदेखिएकोले सोही ऐनको दफा २८ अनुसार<br>जरिवाना को १० प्रतिशतले हुन आउने रु ४५०० सहित रु ४९५०० सम्बन्धित पदाधिकारीवाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने | ४९,५०० |
| ३४ | | | **नक्सा पास**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यो वर्ष नगरपालिकामा नक्सा पाससम्बन्धि देहाय अनुसारको काम कारबाही भएको देखिन्छ । त्यसैले तोकेबमोजिम संरचना निर्माण गर्नु पूर्व नगरपालिकाबाट नक्सापास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । | |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ३३.१ | वडा नं ४ | ४९,५०० |

| क्र.स. | घर नक्सा पासको निवेदन संख्या | अस्थायी अनुमति | कार्यसम्पन्न संख्या | | |
|---|---|---|---|---|---|
| | | | गत विगत वर्ष अनुमित लिएको मध्ये | यो वर्ष अनुमित लिएका मध्ये | जम्मा |
| 1 | ११३ | १६१ | २१ | १३० | १६१ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **जिन्सी लगत र संरक्षण**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ वमोजिम जिम्मामा रहेका सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । सामानको स्पेशिफिकेशन र सम्पुर्ण विवरण खुलाई आम्दानी बाँध्नु पर्नेमा सो नखुलाई खर्च भएर नजाने जिन्सी खाता व्यवस्थित नभएको र आर्थिक वर्षको अन्त्यमा फाँटवाला र कार्यालय प्रमुखबाट जिन्सी खाता प्रमाणित गरी अद्यावधिक राखेको पाइएन । | |
| ३६ | | | **भ्रमण अभिलेख तथा प्रतिबेदन**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याङ्कन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिबेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ । | |
| ३७ | | | **नापी किताब**<br>निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । उल्लेख छ । पलिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न असहज हुने हुँदा स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>पदाधिकारी वैठक भत्ता<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको लेखा राख्दा बिल भरपाई संलग्न राख्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यपालिका बैठक भत्ता भुक्तानी गर्दा पदाधिकारी मासिक सुविधा वाट प्रति महिता ३ वटा वैठकको दरले ३६ वटा बैठकको भत्ता भुक्तानी गरेकोमा कार्यपालिका माइन्युट अनुसार यो वर्ष जम्मा २८ वटा वैठक मात्र वसेको हुदा बाँकी ८ वटा बैठकको भत्ता वढी भुक्तानी भएकोले सम्बन्धितवाट रु १३६००० असुल गर्नुपर्ने रु</td><td>१३६,०००</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>अनुपस्थित सदस्य वैठक भत्ता<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ३९ मा खर्चको लेखा राख्दा खर्च पुष्टि हुने प्रमाण समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष कार्यपालिका वैठकमा अनुपश्थित सदस्य समेतलाई वैठक भत्ता भुक्तानी गरेकोले अनुपस्थित सदस्यलाई भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>पदाधिकारी र अनुपश्थित दिन</th><th>दर</th><th>कर पछीको रकम</th></tr>
<tr><td>श्यामदेव मेहता २०७७।४।१५, २१, ३०, ५।१, ६।२, ६।३०, ७।२६, ७।२८, ८।७, ८।१९, ८।२८, १०।२, ११।२१ ,१२।२०</td><td>१०००</td><td>११९००</td></tr>
<tr><td>पुण्यवति सिवाकोटी चाँपागाई २०७७।४।१५, २१, ३०, ५।१, ५।३१,६।२२, ९।०६, १०।२, ११।२१,</td><td>१०००</td><td>६८००</td></tr>
<tr><td>बसिर मुद्दिन मंन्सुरी ०७७।४।२१।, ४।३०, ५।१, ५।३१, ९।६, १०।१९, ०७८।३।८</td><td>१०००</td><td>५९५०</td></tr>
<tr><td>कैलाश पंचरीया २०७७।४।२१, ४।३०, ५।१, ५।२३, ६।१८, ६।२२, ६।३०, ७।२५, ७।२६, ७।२८, ८।७, ८।१९, ८।१८, ९।६, १०।२, १०।१९, १०।२३, ११।२१, २।१७, २।३१, २०७८।३।८, ३।१३</td><td>१०००</td><td>१८७००</td></tr>
<tr><td>श्यामलाल उराव २०७७।४।२१, ४।३०, ५।१, ७।२५, ७।२८, १०।२, ११।२१, २०७८।१।२५</td><td>१०००</td><td>६८००</td></tr>
<tr><td>रनजना कुमारी चौधरी २०७७।५।२३ ,५।३१, ६।१८, ६।२२, ६।३०, ८।७, ८।१९, ८।२८, ९।१७, ९।१२, ११।२१, ०७८।१।</td><td>१०००</td><td>१०२००</td></tr>
</table></td><td>७९,०५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | २५ | | | |
| | | | कमला कटुवाल २०७७।५।२३, ६।१८, ७।२८, ९।६, १०।२, २०७८।३।८ | १००० | ५१०० | |
| | | | कोषराज अधिकारी२०७७।६।१८, ६।३०, ७।२५, ७।२८, ८।७, ८।१९, ९।६ ,९।१२, १०।२, | १००० | ७६५० | |
| | | | उमालाल सरदार २०७७।६।२२, ६।३०, ७।२५, ७।२६, ७।२८, ८।७, ८।१९, ८।२८, १०।२, १२।२०, ०७८।२।१७, २।३१, ३।८, ३।१३ | १००० | ११९०० | |
| | | | इन्दिरा आचार्य ०७७।५।२३, ६।३०, ८।७, ८।१९, ८।२८, ०७८।३।८ | | ५१०० | |
| | | | सुल्तान मिया ०७७।१२।२०, ७।२५, | १००० | १७०० | |
| | | | कालिका तिम्सिता ०७७ऽ५।२३, ११।२१, ०७८।३।८ | १००० | २५५० | |
| | | | अन्जनि कुमार पोखरेल ०७७।७।२८, ११।२ | १००० | १७०० | |
| | | | रविन्द्र कुमार मण्डल ०७७।१२।२०, ०७८।१।२५ | १००० | १७०० | |
| | | | जम्मा | | 97750 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **थप सुविधा**<br>१२८७।०७८।३।१३ गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ अनुसार को नियमित सुविधा भुक्तानी भैसकेपछी कार्यालयले पवन खतिवडा को पेश्की फछ्यौंट गर्दा निम्नानुसार पदाधिकारीलाइ इन्धन र संचार सुविधा उल्लेख गरी दोहोरो सुविधा प्रदान गरेकोले असुल गुनुपर्ने रु | ४६,००० |

| सि नं | पदाधिकारी | नगद वितरण रकम |
|---|---|---|
| १ | वडाध्यक्ष अन्जनि कुमार पोखरेल | ८००० |
| २ | वडा सदस्य कुमारी दर्नाल परियार | ६००० |
| ३ | कैलाश पति चौधरी | ६००० |
| ४ | डमरु वल्लभ भण्डारी | ६००० |
| ५ | इन्दीरा सुवेदी | ६००० |
| ६ | पवन कुमार खतिवडा | ६००० |
| ७ | रनजना पोखरेल | ४००० |
| ८ | निर्मला नेपाल | ४००० |
| **जम्मा** | | **४६०००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>न्यायिक समिति बैठक भत्ता<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । सोही व्यवस्था अनुसार न्याय निरुपणका लागि बैठक वसे वापत न्यायिक समितिका पदाधिकारीलाई बैठक भत्ता उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाको न्यायिक प्रयोजनको बेगर विभिन्न प्रशासनिक निर्णय समेत गर्ने गरी समितिले बैठक बसी बैठक भत्ता भुक्तानी भएको अनियमित देखिएको रु</td><td>१३४,८१०</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>भ्रमण भत्ता<br>भ्रमण खर्च नियमावली २०६४ को नियम ३ मा उद्देश्य सहितको भ्रमण आदेश वा निर्णय विना भ्रमण गर्न वा काजमा जान दिन हुदैन भन्ने व्यवस्था छ । साथै भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन समेत पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भ्रमण खर्च लेख्दा उद्देश्य स्पष्ट नदेखिने तर भ्रमण गरेको मात्र प्रमाण पेश गरेको देखिन्छ । भ्रमणको उद्देश्य स्पष्ट नपारी भ्रमण भत्ताको विल वेगर भ्रमण खर्च लेखेको र प्रतिवेदनसमेत पेश नभएको हुदा सो प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>भौ नं मिति</th><th>भुक्तानी लिनेको नाम</th><th>रकम</th></tr>
<tr><td>१८६।०७८।६।३० समानिकरण चाँलु</td><td>वडाध्यक्ष अन्जनि कुमार पोखरेल</td><td>२२०००</td></tr>
<tr><td>१८६।०७८।६।३० समानिकरण चाँलु</td><td>वडा सदस्य कालुराम गुरुङ</td><td>२२०००</td></tr>
<tr><td>१८६।०७८।६।३० समानिकरण चाँलु</td><td>वडा सदस्य किशोर कुमार सिंह</td><td>२२०००</td></tr>
<tr><td>१८६।०७८।६।३० समानिकरण चाँलु</td><td>वसिर मुद्दिन मंसारी</td><td>२२०००</td></tr>
<tr><td>१८६।०७८।६।३० समानिकरण चाँलु</td><td>सरेन्द्र प्रसाद यादव</td><td>२२०००</td></tr>
<tr><td>१९३।०७७।७।३ समानिकरण चाँलु</td><td>रमिद मिया</td><td>२२०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३२०००</td></tr>
</table></td><td>१३२,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td></td><td></td><td>
भुक्तानीमा कर<br>
आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा<br>
भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानी गर्दा अग्रिम कर वापतको रकम कट्टा नगरी भुक्तानी गरेकोले रु. असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>नपुग /कर रकम</th></tr>
<tr><td>२०४।०७८।२।२७</td><td>स्वास्थ्य कर्मि जोखिम भत्ता १ प्रतिशत मात्र कर कट्टा भएको</td><td>२१७७५२०</td><td>३०४८५२</td></tr>
<tr><td>२००।०७८।२।२४</td><td>व्युटिसियन तलिमको १५०००कट्टा गरेकोमा ५००० मात्र दाखिला प्रमाण पेश भएको वाकि रु १००००को को दाखिला प्रमाण पेश गर्नुपर्ने</td><td></td><td>१००००</td></tr>
<tr><td>३४१ ०७८।३।२४ समानिकरण चाँलु</td><td>भत्ता भुक्तानीमा कर कट्टी नभएको</td><td>१२००००</td><td>१८०००</td></tr>
<tr><td>कर्मचारी कल्याण कोषवाट</td><td>कर कट्टी रकम दाखिला प्रमाण पेश नभएको</td><td></td><td>१६५८०१</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४९८६५३</td></tr>
</table>
</td><td>४९८,६५३</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>
उपचार खर्च<br>
८७६।०७७।१२।१ गाँउ तथा नगर सभा का सदस्यको सुविधा सम्वन्धी ऐन २०७५ अनुसार स्थानिय तहका पदाधिकारीहरुलाइ उपचार खर्च सुविधाको व्यवस्था गरेको देखिदैन । पलिकाले वडा नं ६ का वडाध्यक्ष कोषराज अधिकारीलाई कोरोना लागि उपचार गरेको भनी रु ८३८३३ भुक्तानी भएको रकम सेवा सुविधा सम्वन्धी ऐन विपरीत रहेकोले असुल गर्नुपर्ने रु
</td><td>८३,८३३</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>सम्वन्धित संस्थाको विजक पेश नभएको</td><td>३२०,०२०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आयकर ऐन २०५८ को दफा ८८ अनुसार भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले संस्था मार्फत विभिन्न कार्यक्रमहरु संचालन गरेकोमा सम्वन्धित संस्थाले विजक जारी गरेको नदेखिएकोले निम्नानुसारका संस्थालाई भएको भुक्तानीमा कर कट्टी नपुग रकम संघिय संचित कोष दाखिला प्रमाण पेश गर्नुपर्ने रु | |

| भौ नं मिति | संस्थाको नाम | भुक्तानी रकम | कर कट्टी रकम | नपुग कर रकम |
|---|---|---|---|---|
| ४१२।०७७।७।२ | सृष्टी समाज | २१०००० | 0 | ३१५०० |
| १०४९।०७८।१।१५ | सृष्टी समाज | २००००० | ३००० | २७००० |
| १३८७।०७८।३।२४ | सृष्टी समाज | ५००००० | १७५०० | ५७५०० |
| १३९१।०७८।३।२४ | सृष्टी समाज | २००००० | ४५०० | २५५०० |
| ३०६।०७७।८।९ | डाँफे युवा समुह | ३३२००० | १४५१० | ३५२९० |
| ९४२।०७७।१२।१८ | नवयुग सामुदायिक सिकाइ केन्द्र | १५००० | ३१५३ | १९३४७ |
| १०१५।०७७।१२।२७ | नेपाल ठाकुर समाज | ९९००० | १४८५ | १३३६५ |
| १०७२।०७८।१।१६ | नेपाल आदिवासि जनजाति महासंघ | १००००० | १५०० | १३५०० |
| १२७९।०७८।३।१३ | समाज कल्याण युवा कल्व | ९८२५० | १४७४ | १३२६३ |
| १२९९।०७८।३।२० | फुलवारी क्रिकेट कल्व | १००००० | १५०० | १३५०० |
| १४६३।०७८।३।२५ | सहयोगि नेपाल | १००००० | १५०० | १३५०० |
| ८।०७७।६।१३ | आवर मिसन | २००००० | ३००० | २७००० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (continued table below) | |

| | | | | |
|---|---|---|---|---|
| गत वर्षको भुक्तानी | | | | |
| ११।०७७।६।१६ गत वर्षको भुक्तानी | एक्सन ग्रुप | ५०००० | ७५० | ६७५० |
| १९।०७७।६।२७ गत वर्षको भुक्तानी | मानव अधिकार तथा सान्ति | १७५००० | ३२४५ | २३००५ |
| **जम्मा** | | | | **320020** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **विल भर्पाइ पेश नभएको** | ३७४,५०० |

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। तर कार्यालयले देहाय अनुसारको भुक्तानीमा भुक्तानी भन्दा कमको बिजक र भरपाइ पेश गरेको हुदा नपुग बिजक तथा भरपाई पेश गर्नुपर्ने रु.

| **भौ. नं.मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| १५३।२०७७।६।२५ समानिकरण चाँलु | सुनोज निरौलाले आर्थिक सहायता वितरण गरेकोमा सम्वन्धित व्यक्तिको भर्पाइ पेश नभएको | १५०००० |
| १५३।२०७७।६।२८ समानिकरण चाँलु | मिलन पौडेल आर्थिक सहायता वितरण गरेकोमा सम्वन्धित व्यक्तिको भर्पाइ पेश नभएको | २२४५०० |
| **जम्मा** | | ३७४५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **कार्यसम्पन्न प्रतिवेदन** | ९,२००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदानमा निकासा भएको रकम सम्वनिधत विद्यलयले निर्माण कार्य सम्पन्न गरिसकेपछी निकासा दिएकोमा उक्त रकमवाट विद्यालनयले तोकिएको कामका खर्च गरी कार्य गरेको विवरण तथा प्रमाण कार्यसम्पन्न र अनुगमन प्रतिवेदन पेश नभएको रकम खर्च नभए फिर्ता गर्नुपर्ने रु | |

| **सि नं** | **विद्यालयको नाम** | **रकम** |
|---|---|---|
| १ | नेपाल राष्ट्रिय हरि मा वि चादँवेला | १७७५००० |
| २ | श्री त्रिभुवन मा वि इनरुवा | १०७५००० |
| ३ | शारदा मा वि इनरुवा | १०७५००० |
| ४ | जनता मा वि | १०७५००० |
| ५ | जनता मा वि | ६७५००० |
| ६ | नेपाल राष्ट्रिय हरि मा वि | ६७५००० |
| ७ | श्री शारदा मा वि | ६७५००० |
| ८ | त्रिभुवन मा वि | ६७५००० |
| ९ | जनता मा वि | १५००००० |
| | जम्मा | ९२००००० |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>

**कार्यक्रम संचालन**

संघिय ससर्त अनुदान तर्फको कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३९ मा स्वीकृत बजेट र सम्बन्धित खर्च शिर्षकबाट खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्यक्रम संचालन गर्दा स्वीकृत कार्यक्रम भित्र रहि तोकिएको कार्यक्रमा खर्च गर्नुपर्ने हुन्छ । निम्नानुसारको खरिदमा स्वीकृत कार्यक्रम फरक पारी रु ६६२४४२भुक्तानी गरेको पाइयो । फरक कार्यक्रमा भुक्तानी भएको रकम अनियमित देखिएको रु

<table>
<tr><th>भौ नं मिति</th><th>स्वीकृत कार्यक्रम</th><th>खर्च गरेको कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>७८।०७८।१०।२३<br>संघ ससर्त</td><td>राष्ट्रिय महिला स्वस्थय स्वयम सेविका कार्यक्रम पोषाक प्रोत्साहन र यातायात खर्च वार्षिक समिक्षा गोष्ठी</td><td>कम्प्युटर खरिद</td><td>९८८००</td></tr>
<tr><td>२५५।०७८।३।१८<br>संघ ससर्त</td><td>मातृ तथा नव शिसु कार्यक्रम अन्तरर्गत आमा सुरक्ष गर्भवति उत्प्रेरणा सेवा न्यानो झोला</td><td>भत्ता भुक्तानी</td><td>३७५१०</td></tr>
<tr><td>२६४।०७७।३।२१संघ ससर्त</td><td>स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभुत स्वास्थ्य केन्द्रहरुको संचालन खर्च</td><td>शौचालय निर्माण</td><td>४८२१४९</td></tr>
<tr><td>३५२।०७८।३।९<br>संघ ससर्त</td><td>प्राविधिक सहायक तलव भत्ता</td><td>रोजगार केन्द्र संचालन खर्च</td><td>४३९८३</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६६२४४२</td></tr>
</table>

</td><td>६६२,४४२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **धार्मिक विद्यालय**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।२८ अनुसार १देखि ५ कक्षा सम्म संचालनमा रहेका धार्मिक विद्यालयलाई रु २४१००० धार्मिक विद्यालय अनुदान पाठ्यपुस्तक र छात्रवृत्तिको रकम मात्र निकासा गर्ने उल्लेख भएको छ । कार्यालयले निम्न धार्मिक विद्यालयलाई मसलन्ध खर्च समेत रकम निकासा गरेकोले निकासा रकम रु ४५००० असुल गर्नुपर्ने रु<br><br>**धार्मिक विद्यालयको नाम** \| **रकम**<br>मदरसा इस्लहुलमुस्लेमिन आ वि \| १५०००<br>मदरसा मुराइफ अल उलुम \| १५०००<br>मदरसा तहफिजुल कुरअन \| १५०००<br>**जम्मा** \| **४५०००** | ४५,००० |
| ५० | | | **दिवा खाजा**<br>कार्यक्रम कार्यान्वयन पुस्तकिका २०७७ अनुसार सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखी ५ कक्षा सम्म अध्ययनरत वाल वालिकाहरुका लागि दिवा खाजा प्रति विद्यार्थि रु १५ का दरले १८० दिनका लागि खातामा निकासा पठाएको छ । पालिकाले यो वर्ष दिवा खाजाका लागि जम्मा २५ विद्यालयलाई रु **१७१८७९०** निकासा पठाएको रकममा सम्वन्धित विद्यालयहरुले खाजा खुवाएको वा रकम वितरण गरेको विवरण पेश भएन कोरोनाका कारण विद्यालय लामो समयसम्म वन्द भएकोले के कति खर्च भएको हो यकिन हुन नसकेकोले दिवा खाजा रकम खर्चको प्रमाण पेश गर्नुपर्ने<br><br>सि नं \| विद्यालयको नाम \| रकम<br>१ \| श्री सर्वोदय आधारभूत विद्यालय, इनरुवा–९ \| ७७८७५<br> \| \| | १,७१८,७९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २ | श्री महाबिर आधारभूत विद्यालय, इनरुवा–९ | ६९०६० | | |
| | | | | ३ | श्री बाल मन्दिर मा.वि.,इनरुवा २ | १२०९९० | | |
| | | | | ४ | श्री रेडक्रस आ.वि. इनरुवा ४ | ३२९४० | | |
| | | | | ५ | श्री शिशु बिकासिनी आ.वि. इनरुवा ६ | ७६९५० | | |
| | | | | ६ | श्री शिशु निकेतन आ.वि. इनरुवा ९ | ५३०२५ | | |
| | | | | ७ | श्री फुल आ.वि. इनरुवा ९ | ८०६२५ | | |
| | | | | ८ | श्री शहिद श्यामसुन्दर आ.वि. इनरुवा ९ | ६२०७० | | |
| | | | | ९ | श्री गणेश ने.रा.आ.वि. इनरुवा ८ | २२१३४० | | |
| | | | | १० | श्री सिद्धार्थ आ.वि. इनरुवा ४ | ११०३५५ | | |
| | | | | ११ | श्री बि.पि.आ.वि. इनरुवा ८ | ७८२४० | | |
| | | | | १२ | श्री ज्ञानोदय आ.वि. इनरुवा ४ | १०१८६५ | | |
| | | | | १३ | श्री देवकोटा आ.वि. इनरुवा ३ | ११०३४० | | |
| | | | | १४ | श्री जनहित आ.वि. इनरुवा ६ | २०९०७० | | |
| | | | | १५ | श्री शारदा आ.वि. इनरुवा ७ | ६५८९५ | | |
| | | | | १६ | श्री हरि आधारभुत वि इनरुवा ७ | ११८०८० | | |
| | | | | १७ | श्री सरस्वति आ.वि. इनरुवा ८ | ५०७३० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १८ \| श्री जनता आधारभूत विद्यालय, इनरुवा ३ \| ७९३५०<br>**जम्मा** \| **१७१८७९०** | |
| ५१ | | | **कृषि कार्यक्रम**<br>१८६/२०७८६।३०।कुनै पनि कार्यक्रम सञ्चालन गर्दा स्पष्ट कानुनी आधार र कार्यविधिको व्यवस्था गरी सबैको स्वामित्व आत्मसात हुने गरी सञ्चालन गर्नुपर्ने हुन्छ । कुनै पनि कार्यक्रममा रकम विनियोजन गर्दा लाभ लागत अनुपात हेरी सो कार्यक्रमको नर्म्स अनुसार संचालन गर्नुपर्ने हुन्छ । त्यस्तै कम भन्दा कम लागत अधिकतम प्रतिफल प्राप्त गर्ने र लाभग्राहीको समेत स्वामित्व ग्रहण गर्ने गरी कार्यक्रमको निर्धारण र संचालन गरेमा दिर्घकालीन प्रतिफल दिने भएकोले सोही अनुसार कार्यक्रमको निर्धारण र संचालन गर्नुपर्दछ । तर पालिकालेसाझा पोल्ट्री फर्म इनरुवा ३ लाई पोल्ट्री निर्माणका लागि लागत साझेदारी वेगर भुक्तानी गरेको पाइयो । आगामी दिनमा यस्ता कार्यक्रम सञ्चालन गर्दा नगद लागत सहभागिता अनिवार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ५२ | | | **निजि शिक्षक**<br>समानिकरण अनुदान समेत समावेश भएको नगरपालिका चालु बजेट बाट निजी शिक्षकहरुको तलब भत्ता अनुदानमा खर्च गर्न मिल्ने देखिँदैन । नगरपालिकाले विद्यालय व्यवस्थापन तर्फ विनियोजन गरेको रकम विद्यालयले निजी शिक्षकहरुको तलब भत्ता, चाडबाड खर्च र पोशाक बापत यस वर्ष रु. ११०८०००/÷ निकासा खर्च गरेको देखियो । समानिकरण अनुदानलाई विकास निर्माणको कार्यमा मात्र खर्च गर्ने गरी बजेट व्यवस्था गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ५३ | | | **वढी निकासा**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। शारदा प्रा वि इनरुवा चादवेला का करार शिक्षकलाइ निलम्वन भएकोमा तलव भत्ता रकम निकासा भएको देखिएकोले निकासा रकम असुल गर्नुपर्ने रु १८४९६५ | १८४,९६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **न्यानो झोला**<br>स्वास्थ्य संस्थामा प्रसुती गरउन आउने महिलालाई न्यनो झोला प्रदान गर्ने व्यव्था गरी स्वास्थ्य संस्थाले परिवार स्वास्थ्य महाशाखाले तोकेको स्पेसिफिकेशन अनुसारको न्यानो झोला स्थानीय स्तरमा उत्पादन वा न्यानो झोला उत्पादकवितरकवाट नेपाल सरकारको ऐन नियम अनुसार खरिद गरी सुत्केरी भए पश्चात नवजात शिशु तथा आमालाई न्यानो लुगा लगाउने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । कार्यालयले यस कार्यक्रममा रु. ४९९१८१।मा ५३८ थान न्यानो झोला खरिद गरेकोमा यो वर्ष पालिका अन्तरगतका स्वास्थउ चौकिमा जम्मा ४३ जना प्रसुति भएको देखिन्छ । पालिकाले खरिद भएका सवै न्यानो झोलाखर्च देखाएको भएता पनि न्यानो झोला वितरणको अभिलेख पेश भएको छैन । निर्देशिकाले गरेको व्यवस्था बमोजिम स्वास्थ्य संस्थामा प्रसुती गराउन आउने महिलालाई न्यानो झोला प्रदान गर्ने र खर्च गर्दा वितरणको अभिलेख हस्तान्तरण फारम वा वितरण भरपाइ पेश गर्नुपर्ने रु | ४९९,१८१ |
| ५५ | | | **औषधी खरिद** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५.१</td><td></td><td></td><td>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाख भन्दा माथि रु. २० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१ख) मा एक आर्थिक वर्षमा सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट पटक पटक सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । तर पालिकाले उक्त प्रक्रिया बेगर पटक पटक औषधि सोझै खरिद गरेको छ । कार्यालयले देहायको मिति र फर्म वाट औषधिहरु टुक्रा टुक्रा पारी खरिद गरेको देखिएकोले औषधी खरिद सम्वन्धी नियमावलीको व्यवस्था पालना नगरी पटक पटक सोझै खरिदको माध्यमवाट गर्ने खरिदलाई निरुत्साहित गर्दै प्रतिस्पर्धाको माध्यमवाट खरिद गर्नुपर्दछ ।
<table>
<tr><th>भौ. नं. र मिति</th><th>विक्रीकर्ता</th><th>रकम</th></tr>
<tr><td>१०५५।०७८।१।१५</td><td>क्युरेक्स पर्मास्युटिकल्स प्रा लि</td><td>१९८८०६३</td></tr>
<tr><td>१५३४।०७८।३।३०</td><td>हेरम्वा मेडिसिन डिष्टिव्युटर्स</td><td>४७४५८५</td></tr>
<tr><td>१५३४।०७८।३।३०</td><td>ग्लोवल लाइफसाइन्सेस</td><td>४८८४०४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२९५१०५२</td></tr>
</table>
साथै औषधि खरिदमा देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन्
</td><td></td></tr>
<tr><td>५५.२</td><td></td><td></td><td>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५.३ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ५५.४ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५६ | | | **ब्याकहो लोडर आम्दानी**<br>विभिन्न नगरपालिकालेहरुले आन्तरिक आय अभिवृद्धि गराउन व्याकहो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ पारित गरी पालिकास्तरका आयोजनाहरुमा व्याकहो लोडर संचालन गर्ने गरेको देखियो । तर यस पालिकाले त्यस्तो कुनै कार्यविधि वनाएको देखिएन । पालिकाको स्वामित्वमा रहेको व्याकहो लोडरको लागी चालु खर्चवाट मर्मत सम्भार र इन्धन खर्च समेत लेखेको देखिन्छ । साथै, ब्याकहो लोडर मार्फत प्राप्त सवै रकम आम्दानी भइ, कति खर्च भएको यथार्थ विवरण प्राप्त हुन सकेन । आम्दानीको स्रोतलाई व्यवस्थित बनाउने र यसको दुरुपयोगलाई नियन्त्रण गर्ने दायित्व पालिकाको रहेकोमा आम्दानी र खर्चको विवरण सम्बन्धितबाट एकिन गरी उठ्नुपर्ने राजस्व संकलन गर्नमा पालिकाको ध्यानाकर्षण हुनुपर्दछ । | |
| ५७ | | | **बोलपत्र**<br>पालिकाले पेश गरेको विवरण हेदा यस आर्थिक वर्षमा पालिका भित्र देहाय अनुसारको १९ वटा ठेक्का आह्वान गरेको देखिन्छ ।१९ वटा ठेक्काको कबोल एवं सम्झौता सङ्ग तुलना गर्दा ०.१ प्रतिशत देखि ५४ प्रतिशत सम्म घटेको देखिन्छ । कुनै ठेक्का अत्याधिक प्रतिशपर्धा हुने र कुनै ठेक्कामा प्रतिशपर्दा नै नहुने विवरणवाट प्रष्ट हुन्छ ।उदाहरणको रुपमा सरस्वती टोल झकनझोडा सडक कालोपत्रे गर्ने काममा ठेक्का रकम भन्दा ०.१ प्रतिशत मात्र घटीमा सम्झौता भएको र सडक कालोपत्रे गर्ने कार्य इनरुवा ६ मधेसा मा ५४ प्रतिशत सम्म घटीमा ठेक्का कबोल गरी सम्झौता भएको देखिन्छ । पालिकाले धेरै घटेको ठेक्कामा निर्माणको गुणस्तर तर्फ ध्यान दिनु पर्ने र न्युन प्रतिष्पर्धा भएको बोलपत्रको लागत अनुमान बनाउदा ध्यान दिनुपर्ने देखिन्छ । | |

| सि नं | कामको विवरण | बोलपत्रदाताको नाम | लागत अनुमान | कबोल रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | कार्तिक मन्दिर देखि पश्चिम जाने सडक कालोपत्रे | कोशिला निर्माण सेवा | 94,88,928.79 | ४८०२२६३ | 49.39 | |
| | | | २ | रामजी भवन देखि कोशी पब्लिक स्कुल सम्मको बाटो पक्की नाला तथा कालोपत्रे | पंडित निर्माण सेवा | 1,28,16,384.99 | ६७७९४४७ | 47.10 | |
| | | | ३ | शहरी स्वस्थ्य केन्द्र भवन माथी तल्ला थप | कोशिला निर्माण सेवा | 36,98,449.04 | २०८४७६५ | 43.63 | |
| | | | ४ | Og?jf 1 घण्टाघर तथा पार्क निर्माण इनरुवा | प्रचवी विल्डर्स | 1,29,51,887.96 | ७९५३४४० | 38.59 | |
| | | | ५ | **IM SUNSARI/ROAD/NCB/05/2077-078** (Construction of Black Top Road & Drain ) | Pushpanjali Construction Pvt. Ltd., Kathmandu | 1,94,88,402.57 | १०७१३०५४ | 45.02 | |
| | | | ६ | **IM SUNSARI/ROAD/NCB/06/2077-078** (Construction of Black Top Road ) | Pushpanjali Construction Pvt. Ltd. | 2,08,38,670.51 | १००४९०८० | 51.77 | |
| | | | ७ | **IM SUNSARI/ROAD/NCB/07/2077-078** (Construction of Black Top Road & Drain ) | RK Nirman Sewa, Inaruwa-3, Sunsari | 2,07,19,557.98 | १०१५३८२१ | 50.99 | |
| | | | ८ | **IM SUNSARI/ROAD/NCB/08/2077-078** (Construction of Black Top Road & Drain ) | Pushpanjali Construction Pvt. Ltd. | 3,39,98,922.17 | २१०५२८७५ | 38.07 | |
| | | | ९ | पक्की नाला आर सि सि सडक तथा स्टील रेलिङ्ग | धर्मराज कन्स्ट्रक्सन | 1,03,97,976.29 | ५३५७१५४ | 48.47 | |
| | | | १० | सडक कालोपत्रे गर्ने कार्य इनरुवा | के जी कन्स्ट्रक्सन् | 77,65,905.37 | ३७६२४८६ | 51.55 | |
| | | | ११ | आर सि सि सडक तथा सडक कालोपत्रे गर्ने | ठाकुर कन्स्ट्रक्सन | 80,97,820.46 | ४१६२२७४ | 48.60 | |
| | | | १२ | सडक कालोपत्रे थर्ने कार्य इनरुवा ६ मधेसा | डिग्री निर्माण सेवा | 65,01,120.69 | २९५४३१९ | 54.55 | |
| | | | १३ | *'d\|fxf धनिकलाल मेहताको घरदेखि उत्तर रामधुनी ८ को सिमाना सम्को | के जी कन्स्ट्रक्सन | 52,62,478.64 | २५६९१५० | 51.17 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बाटो कालोपत्रे | | | | | |
| | | | १४ | शान्ति चौक देखि दुहवी रोडको टेम्पो स्टेन्ड रेलिङ्ग लगाउने | अशोक कन्स्ट्रक्सन | 80,22,815.47 | ४२५१६०७ | 47.00 | |
| | | | १५ | साविक बबिया २ महसुद मियाको दोकान देखि उत्तर जाने बाटो र साविक बबिया ६ मेन सडक देखि पूर्व चन्देश्वर खत्वेको घर हुदै शसिया महाराज मन्दिर सम्म कालोपत्रे | मन्सुरी बुढासुब्बा जे भी | 73,20,892.30 | ३५७२९१७ | 51.19 | |
| | | | १६ | साविक जल्पापुर वडा नं ३ तारा गुप्ताको घरदेखि शंकरपुर नहर सम्म बाटोको दक्षिण तर्फवाट ड्रेन निर्माण र लुकमान अंसारी घरदेखि उत्तर ठुलो मर्दना हुदै सदर रोड सम्म डि पि आर भएको सडक कालोपत्रे | प्रचवी विल्डर्स | 78,37,095.86 | ३८८३०३५ | 50.45 | |
| | | | १७ | सरस्वती टोल झकनझोडा सडक कालवपत्रे | डिग्री निर्माण सेवा | 12,75,434.51 | १२४९८२५ | 0.02 | |
| | | | १८ | साविक मधेशा वडा नं ३ मन्दिर देखि डागीको घर सम्मको सडक कालोपत्रे गर्ने कार्य | डिग्री निर्माण सेवा | 13,03,566.23 | १२८४३६६ | 0.0147 | |
| | | | १९ | सोमबारे हाट थारु टोल सिमा टोल सडक कालोपत्रे गर्ने कार्य | प्रचवी विल्डर्स | 1,13,69,413.13 | ५३७६००० | 52.71 | |
| ५८ | | | **एजबिल्ट नक्सा**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन ।सम्पन्न योजनामा एजविल्ट नक्सा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **पूर्वनिर्धारित क्षतिपूर्ति**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ को उपनियम (क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । पालिकाले सम्झौता गर्दा निर्माण व्यवसायी वा आपूर्तिकर्ताले ढिलाइ गरेमा हुने क्षतिपूर्ति सम्बन्धित व्यवस्था गरेको देखिदैन । आगामी दिनमा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाइको कारण म्याद भित्र कार्यसम्पन्न हुन नसकेमा हुने क्षतिपूर्ति बारे स्पष्ट व्यवस्था गर्नुपर्ने देखिन्छ । | |
| ६० | | | **भेरिएसन**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाइ तोकिएको अधिकारीवाट भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले मालपोत रोड लोकनाथ अधिकारी सडकमा आर के निर्माण सेवा सङ्ग कुल ९१६९०५३ मा सम्झौता गरे पनि रु १४६४००७ को काम घटाइ बाँकी रु ७७०५०२७ को कार्यसम्पन्न भएको भनी कार्यसम्पन्न प्रतिवेदन बनाएको देखिन्छ । उक्त निर्माण कार्यमा ग्राभेल गर्ने काम इट्टाको नालीको काम लगायतमा भेरिएसन गरेको भएपनि भेरिएसन आदेश संलग्न नराखेको हुदा भेरिएसन आदेश पेश हुनुपर्ने रु | १,४६४,००७ |
